जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५१ पृष्ठः ४ | २०८३ जेठ २९ शुक्रबार (Friday 12 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## व्यवसाय अनुगमनको नाममा व्यापारी 'चोख्याउने' खेल



सिरहा, २८ जेठ। घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले बजार अनुगमनको नाममा केही व्यापारीलाई उन्मुक्ति दिँदै आएको आरोप लागेको छ। बुधबार बिहान करिब ८ बजे गोलबजार क्षेत्रमा गरिएको बजार अनुगमनपछि स्थानीय तथा व्यवसायीहरूले अनुगमन निष्पक्ष नभएको भन्दै प्रश्न उठाएका छन्। अनुगमन टोलीले केही पसल तथा व्यवसायिक प्रतिष्ठानमा पुगेर निरीक्षण गरे पनि नियम उल्लंघन गर्ने सबै व्यवसायीमाथि समान रूपमा कारबाही नगरी केहीलाई मात्र लक्षित गरेको व्यवसायी हरुकै आरोप रहेको छ। एक व्यसायीका अनुसार अनुगमनका क्रममा म्याद नाघेका सामग्री, मूल्यसूची नराखीएका पसल, दर्ता प्रमाण पत्र तथा बिलसम्बन्दी विषयमा चासो देखाइए पनि प्रभावशाली व्यवसायीहरूलाई भने संरक्षण गरिएको देखियो।

व्यवसायीहरूले बजारलाई व्यवस्थित बनाउने उद्देश्यले गरिने अनुगमन स्वागतयोग्य भए पनि सबै व्यवसायीलाई एउटै मापदण्डमा राखेर पारदर्शी ढङ्गले व्यहार गर्नुपर्ने स्थानीय रामभरोसी यादवले बताए। स्थानीय व्यवसायी शेखर यादबले अनुगमन निष्पक्ष हुनुपर्नेमा जोड दिए। उनले कसैलाई चोख्याउने र कसैमाथि डण्डा चलाउने प्रवृत्तिले बजारमा गलत सन्देश जाने बताए। उनले अनुगमन निश्पक्ष, पारदर्शी र व्यवहारीक हुनु पर्नेमा जोड दिए। केही व्यवसायीका अनुसार अनुगमन अनुगमनको नाममा निश्चित पसललाई लक्ष्य बनाएर टोलि आउने गरेको बताए। अनुगमन टोलि बजारमा आएको हल्ला फैलिएपछि धैरै व्यापारीले पसल बन्द गरेका थिए। अनुगमन टोलि पसलमा छिरेपछि केही न केही उल्झन लाग्ने त्रासले पसल बन्द गरेर हिडेको व्यसायीहरु नै बताउँछन्।

यता घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख किशोरीशरण यादवले भने अनुगमन

–बाँकी तीन पेजमा

## न्यायिक समिति प्रभावकारी नबन्दा प्रहरी र अदालतमा भीड बढेको गुनासो



सिरहा, २८ जेठ। स्थानीय तहको न्यायिक समितिले प्रभावकारी र निष्पक्ष ढंगले काम गर्न नसक्दा सामान्य विषयमा पनि सर्वसाधारण प्रहरी र अदालतमा जाने प्रवृत्ति अन्त्य हुन नसकेको सरोकारवालाले बताएका छन्। मधेशी आयोगको आयोजनामा बुधबार सिरहा सदरमुकाममा आयोजित मधेशी समुदायको सशक्तीकरणसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा वक्ताहरूले यस्तो बताएका हुन्।

न्यायिक समिति आफ्नै स्थानीय तहमा न्याय सम्पादन गर्ने उद्देश्यले गरिएको सुन्दर परिकल्पना भए पनि फैसला र आदेश गर्ने प्रक्रियामा विभेद देखिँदा नागरिक ढुक्क र आकर्षित हुन नसकेको आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले बताए। 'न्यायिक

–बाँकी तीन पेजमा

## शिक्षक–विद्यार्थी साक्षरता अभियानमा जुटे

**जीवछ यादव**

लहान, २८ जेठ। लहान नगरपालिका वडाको हिसाबले नेपालकै सबैभन्दा ठुलो नगरपालिका भए पनि हालसम्म नौ वटा वडा साक्षर वडा घोषणा हुन सकेका छैनन्। साक्षर घोषणा हुन बाँकी रहेका वडाका निरक्षर नागरिकलाई साक्षर बनाउन माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीलाई अभियानमा परिचालन गरिएको छ। नगरपालिकामा २४ वटा वडा रहेका छन्। दलित तथा विपन्न समुदायको जनघनत्व बढी भएका वडाहरू साक्षर घोषणा हुन बाँकी रहेका छन्।



नगरपालिकाको कार्यालय रहेको वडा नं. १० स्थित श्री जनता माध्यमिक विद्यालय, बैरियाँ गुदीगाउँका ४० जना विद्यार्थी र दुई जना शिक्षकलाई विद्यालय क्षेत्रभित्रका दलित तथा विपन्न बस्तीमा साक्षरता अभियान सञ्चालन गर्न खटाइएको विद्यालयका प्रधानाध्यापक देवनलाल ठाकुरले बताउनुभयो। पूर्ण साक्षरताका लागि निर्धारित १२ वटा सूचकमध्ये वर्ण तथा अक्षर चिन्न सक्ने, शून्यदेखि नौसम्मका अंक चिन्न सक्ने, शून्यदेखि एक सयसम्मका अंक लेख्न र पढ्न सक्ने, मोबाइल र क्याल्कुलेटर प्रयोग गर्न सक्ने, मूल्यसूची र बिल बुझ्न सक्ने, साइनबोर्ड, पोस्टर तथा ट्राफिक संकेत बुझ्न सक्ने, भित्तेपात्रो प्रयोग गर्न सक्ने, बैंक भौचर तथा चेक प्रयोग गर्न सक्ने र सामुदायिक सहभागितामा सक्रिय हुन सक्ने जस्ता सीप आवश्यक मानिएका छन्।

विद्यालय क्षेत्रभित्रका गाउँ–टोलमा शिक्षक तथा विद्यार्थीलाई साक्षरता अभियानमा परिचालन गर्दा सामाजिक शिक्षाको परियोजना कार्यसमेत हुने र विद्यार्थीहरूले आफ्नै घरका

–बाँकी अन्तिम पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



## बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खाद्य स्वच्छताप्रति सरकार गम्भीर होस् !

बाँच्नैका लागि नभई नहुने स्वच्छ हावा र शुद्ध पानीसमेत दिन नसक्ने राज्यसँग सायद नागरिकले थप अपेक्षा गर्नु विसङ्गत हुन्छ। तै पनि जनता न हुन् राज्यसँग कम्तीमा मानवोचित जीवन यापनका लागि अपरिहार्य न्यूनतम आवश्यकताको अपेक्षा गरिरहेकै हुन्छन्। नेपालमा 'व्यावसायिक' खेतीपातीसँगै रासायनिक मल र कीटाणुनाशक विषादीको प्रयोग पनि सुरु भयो। तर तिनबाट मानव जीवनमा पर्ने असर कम गर्न आवश्यक सावधानी भने अपनाइएन। रासायनिक मलमा अनुदान दिने सरकारले पनि त्यसबाट मानव स्वास्थ्यमा हुने हानिलाई उपेक्षा गर्दै आएको छ।

नेपाली उपभोक्तामा पनि खाद्य पदार्थ हानिरहित हुनै पर्छ भन्ने चेतना कमजोर देखिन्छ। आर्थिक अवस्थासमेतका कारण सस्तो खाद्य पदार्थ खोजिने समाजमा विषादीरहित रोज्ने अवसर यसै पनि कमै हुन्छ भने खाद्य स्वच्छता कायम राख्ने सरकारी संयन्त्र औपचारिकतामा सीमित देखिन्छ। हालै भारतबाट ल्याइएका तरकारी र आँपमा विषादीको मात्रा उच्च रहेकाले सरकारले आयातमा प्रतिबन्ध लगाएको छ। यसले नेपालका कृषकहरूलाई मूल्यमा प्रतिस्पर्धा गर्नु नपर्दा केही लाभ त हुनसक्छ तर उपभोक्ता भने महँगीको मारमा परेका छन् ।

केही महँगो भए पनि नेपाली उत्पादन स्वास्थ्यका लागि हानिकारक नभएको भए धेरै चिन्ताको विषय हुने थिएन। दुर्भाग्यवश, स्वदेशी उत्पादनमा पनि विषादी तथा रासायनिक पदार्थको मिसावट भयावह देखिन्छ। युरोप र अमेरिकामा प्रतिहेक्टर १४२ ग्रामसम्म विषादी प्रयोग हुँदा नेपालमा औसत प्रतिहेक्टर ५०० ग्राम र तरकारी बालीमा त १,४०० ग्रामसम्म प्रयोग हुने गरेको तथ्याङ्क छ। विषादी र रसायनयुक्त खाद्यवस्तु खाँदा टाउको दुख्ने, बान्ता हुने र आँखा धमिलो हुनेजस्ता समस्या देखिन सक्छन्। विज्ञहरूका अनुसार लामोसमय सेवन गरेमा क्यान्सर, ट्युमर, मिर्गौला र कलेजो फेल गराउने, प्रजनन क्षमता क्षीण पार्ने र स्नायु प्रणालीमा पक्षघातसम्म हुनसक्छ।

व्यवस्थित अनुसन्धान नभए पनि रासायनिक मल र विषादी प्रयोग गर्ने किसानहरूमा क्यान्सरको जोखिम बढ्दै गएको छ। इलामदेखि डँडेलधुरासम्म क्यान्सर रोगी किसानको संख्या बढ्दै छ। समस्या भयावह हुँदैछ। तर यसको नियन्त्रणका लागि अहिलेसम्म राज्यले गम्भीर प्राथमिकता दिएको थिएन। नेपाल सरकारले हालै मन्त्रालयहरूको पुनर्संरचना गर्दा स्वास्थ्य र खाद्य स्वच्छता मन्त्रालय गठन गरेको छ। यसले खाद्य स्वच्छता र जनस्वास्थ्यको अन्तरसम्बन्धप्रति सरकार सजग रहेको सकारात्मक सन्देश त दिन्छ तर, बजारमा विषादीयुक्त खाद्यवस्तुको बिगबिगी भइरहँदासम्म मन्त्रालयको यो नाम सार्थक हुन सक्तैन।

अहिले सरकारले यस समस्यालाई उपेक्षा गरेमा भविष्यमा किसानमात्र होइन उपभोक्तामा पनि भयावह स्वास्थ्य समस्या देखिनसक्छ। नेपालकै उत्पादनसमेत उच्च विषादीयुक्त भएकाले आयातमा प्रतिबन्ध लगाउँदैमा समस्या समाधान हुँदैन। यसैले सरकारले खाद्य पदार्थलाई मानव उपभोग योग्य बनाउन उच्च प्राथमिकता दिनुपर्छ। उपभोक्तालाई सचेत बनाउने अभियानहरू सञ्चालन गर्न उपभोक्तासँग सरोकार राख्ने संस्थाहरूलाई प्रोत्साहन दिन सकिन्छ भने मूलतः किसानहरूलाई सजग र सावधान बनाउने कार्यक्रमहरू सरकारले सञ्चालन गरिहाल्नुपर्ने देखिन्छ। विशेषगरी किसानहरूलाई विषादी प्रयोगपछि निश्चित अवधि पूरा नगरी बाली बजारमा पठाउन हुँदैन भन्ने जानकारीका साथै त्यसो गरेमा कारबाही हुने चेतावनी पनि दिनुपर्छ।

विषादी नियन्त्रणका लागि स्थानीय तहहरूलाई संलग्न एवं सक्रिय बनाउनुका साथै बजार अनुगमन र परीक्षण गर्ने संयन्त्रलाई तत्काल प्रभावशाली बनाउनु आवश्यक देखिन्छ। बजारमा पुग्ने तरकारी, फलफूल, दूधलगायतका खाद्य पदार्थ मानव स्वास्थ्यका लागि हानिकारक नहुने सुनिश्चित गर्नु सबै तहका सरकारहरूको प्रमुख प्राथमिकता हुनुपर्छ।

# बजेट : भाषणमा महिलामैत्री, कार्यान्वयनमा विभेद

**संविधानले निर्दिष्ट गरेको अधिकारलाई पालना गरिए तापनि बजेटको सन्दर्भमा महिलालाई कमजोर बनाउने परम्परा जीवितै रहेकाले गणतन्त्र स्थापनापछिका हरेक बजेटहरू निष्प्रभावकारी बनिरहेका छन्।**

**डा. डिला सङ्ग्रौला**

नेपालमा चाँडो र व्यावहारिक परिवर्तन भएको क्षेत्र भनेको महिला अधिकारको हो। यसमा दुईमत छैन। गणतन्त्रको सबैभन्दा ठूलो र प्रत्यक्ष उपहार नेपाली महिलाका लागि प्राप्त संवैधानिक र कानूनी ग्यारेन्टी नै हो। यद्यपि, सीमान्तकृत, पिछडिएको वर्गदेखि ओझेलमा पारिएका भनिएका समुदायको अवस्था सोचे अनुरूप परिवर्तन भइसकेको छैन। नेपालको संविधान २०७२ ले महिला अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक हककै रूपमा स्थापित गरेको र अधिकारकर्मीहरूले पनि सशक्त आवाज उठाएकाले महिला अधिकारको क्षेत्र जुरुक्कै माथि उठेको कुरालाई नकार्न सकिँदैन।

नेपालको संविधानले राज्यका हरेक निकायमा महिलाहरूको कम्तीमा ३३ प्रतिशत सहभागिता अनिवार्य मात्र गरेको छैन, इतिहासमै पहिलो पटक वंशजको अधिकार र प्रजनन स्वास्थ्यको अधिकारलाई पूर्णरूपमा सुरक्षित गरिदिएको छ। महिला अधिकारका क्षेत्रमा देखिएको अभूतपूर्व परिवर्तनलाई सामान्य मान्नुहुँदैन। महिला अधिकारको क्षेत्रमा कानूनी रूपमा नेपालले ऐतिहासिक फड्को मारेको छ। नयाँ मुलुकी देवानी र फौजदारी संहितामा 'सम्पत्तिमा छोरा र छोरी बीचको भेदभाव' पूर्णरूपमा अन्त्य गर्नुका साथै जबर्जस्ती करणी, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण गर्न कडा कानूनी प्रावधान रहेका छन्।

विगतमा सामाजिक रूपमा दबाइएका विषयहरू आज कानूनी रूपमै हक र न्यायका मुद्दा बनेका छन्। विगत डेढ दशकभन्दा लामो गणतान्त्रिक अभ्यासलाई फर्केर हेर्दा नेपाली महिलाहरूले हासिल गरेका उपलब्धिहरू गौरवपूर्ण र रूपान्तरणकारी छन्। गणतान्त्रिक व्यवस्थाले वास्तवमा महिलाहरूको अवस्थामा ठूलो परिवर्तन ल्याइदिएको छ। यो काम वास्तवमा नेपाली काङ्ग्रेस, एमाले लगायत परिवर्तनकारी दलहरूको नेतृत्वमा सम्भव भएको हो। हाल सरकारको नेतृत्व गरिरहेको दल यो संविधान निर्माणको बेला जन्मिएकै थिएन ।

अधिकारका कुराहरू स्थापित गर्ने सवालमा नेपाल नमूना देशमा गणना हुन्छ भन्दा अप्ठ्यारो मान्नुपर्दैन। तर, महिलाहरूको जीवनस्तर वा आर्थिक अवस्था सुधार गर्नुपर्ने सन्दर्भमा भने अझै थुप्रै काम गर्न बाँकी छन्। राजनीतिक अधिकार दिगो हुनका लागि आर्थिक र सामाजिक सशक्तीकरण अनिवार्य शर्त हो। आर्थिक सशक्तीकरणका सन्दर्भमा गणतान्त्रिक नेपालमा आएका बजेट वक्तव्यहरू महिलामैत्री हुन सकिरहेका छैनन्। महिलाको नाममा जग्गा वा घर पास गर्दा मालपोत करमा दिइने विशेष छुट, महिला उद्यमशीलता विकास कोष र विना धितो सहुलियतपूर्ण ऋण जस्ता पुराना कार्यक्रमहरू तारिफयोग्य भए पनि वर्षेनि आउने आर्थिक वर्षका बजेट अझै महिलामैत्री वा प्रगतिशील बन्न सकिरहेका छैनन्।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट मार्फत महिला उद्यमशीलता, सुरक्षित सार्वजनिक यातायात, स्वास्थ्य सेवा र मातृ सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम घोषणा गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले महिलाको आर्थिक सशक्तीकरणदेखि स्वास्थ्य सुरक्षासम्म केन्द्रित योजनाहरू अघि सारेका छन्। विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिने, महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्ने साथै स्थानीय तहमा महिला उद्यमशीलता विकासका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने कुरालाई सकारात्मक मान्न सकिन्छ।

त्यस्तै, महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सीसीटीभी सहितको आधुनिक 'ब्लु बस' सेवा सञ्चालन गर्नेदेखि नर्सिङ कर्मचारीको रात्रि ड्युटी भत्ता दोब्बर बनाउने कुरा, महिला स्वास्थ्य स्वयंसेविकालाई दिइँदै आएको यातायात खर्चमा पनि ५० प्रतिशत वृद्धि गरिएको प्रसङ्ग सकारात्मक छन् भन्न हामीले कन्जुस्याइँ गर्नुहुँदैन। मातृ तथा शिशु मृत्युदर न्यूनीकरणदेखि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलक्षित कुल २ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरिएको कुरालाई सम्मान गर्नैपर्छ। तर, यतिमा मात्र चित्त बुझाउने अवस्था छैन। त्यस्तै महिलामैत्री बजेट कार्यान्वयनको पाटोलाई गम्भीर रूपमा विश्लेषण गर्नुपर्ने देखिन्छ।

आर्थिक वर्षको बजेट विनियोजन, खर्चको प्रवृत्ति तथा लैङ्गिक उत्तरदायी बजेट अभ्यासको अवस्था हेर्दा ठूलो खाडल देख्न सकिन्छ। महिलामैत्री तथा महिलालक्षित बजेट विनियोजन र खर्चको प्रभावकारितालाई हेर्ने हो भने सन्तुष्ट हुने ठाउँ छैन। स्थानीय वा प्रदेश तहमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विद्यमान निर्देशिकाहरू संघीय संरचना अनुसार परिमार्जन नहुँदा त्यसको असर तल्लो तहका महिलाहरूमाथि परिरहेको छ त्यसैले समावेशी विकास, सामाजिक न्याय, लैङ्गिक समानता तथा दिगो विकास लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारी कार्यान्वयन अपरिहार्य भइसकेको छ ।

वास्तवमा गणतन्त्र स्थापना भएपछिको अवधिमा नेपालले लैङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा हासिल गरेको उपलब्धि विश्वकै लागि उदाहरणीय रहे पनि संघीय कानून सबै तहमा समान रूपले कार्यान्वयनमा नआउँदा बजेट कार्यान्वयनको पाटो सन्तोषजनक छैन। बजेट निर्माण, कार्यान्वयन र मूल्याङ्कनको सबै चरणमा महिलाको अवस्था र आवश्यकता बुझ्ने परम्परा नहुँदा विभेद अन्त्य नभएको भान हुने गर्छ। वास्तवमा शिक्षित महिलाले पनि राज्यको बजेटमा आफ्नो प्रतिनिधित्व भएको महसुस गर्न सकिरहेका छैनन्।

सबल र सक्षम महिलाहरू पनि निर्णय गर्ने तहमा कमजोर हुँदा बजेटको अनुभूति गर्न नसक्नु दुर्भाग्यपूर्ण छ। आयआर्जन वा आफ्नो पेशामा सफल भएका महिलाहरू पनि परम्परागत सोच र संस्कारका कारण आफ्नै घरभित्र, कार्यालय र (अ)सामाजिक सञ्जालमा प्रताडित बनिरहनुपरेको छ। त्यसैले शिक्षित महिलाहरूलाई आर्थिक निर्णयमा अधिकारसम्पन्न बनाउने नीति अवलम्बन गर्नु अत्यन्तै आवश्यक छ।

**संरचनात्मक गरिबी र विभेद**

नेपालमा महिलाहरूले पितृसत्तात्मक मान्यता, संरचनात्मक गरिबी र विभेदपूर्ण नागरिकता सम्बन्धी कानूनका कारण एकअर्कासँग जोडिएका विभिन्न चुनौतीको सामना गरिरहेका छन्। यहाँ मुख्य समस्याका रूपमा सीमित सम्पत्ति अधिकार, व्यापक लैङ्गिक हिंसा, समाजमा जरो गाडेर बसेका हानिकारक सांस्कृतिक प्रथाहरू र आर्थिक सीमान्तकरण रहेका छन्। विशेषगरी महिला तथा बालिकाहरू घरेलु हिंसा, जबर्जस्ती करणी र दाइजो प्रथा जस्ता हानिकारक अभ्यासहरूको उच्च जोखिममा छन्। कानूनी प्रतिबन्धका बाबजुद दुर्गम क्षेत्रहरूमा छाउपडी जस्ता प्रथा अझै जारी रहँदा महिलाहरू गम्भीर शारीरिक खतरा र सामाजिक बहिष्करण भोग्न बाध्य छन्।

यसका साथै नेपालको संविधानमा रहेका विभेदपूर्ण प्रावधानहरूले महिलाहरूलाई पुरुषको तुलनामा आफ्ना सन्तानलाई स्वतन्त्र रूपमा नागरिकता प्रदान गर्न कठिन बनाएका छन्। जसले गर्दा एकल आमा र उनीहरूका सन्तान शिक्षा र कानूनी अधिकारका सवालमा गम्भीर मारमा परेका छन्। आर्थिक क्षेत्रमा पनि महिलाहरूसँग प्रायः सम्पत्ति, अंशबन्डा र बैङ्क ऋणमा पहुँचको अभाव देखिन्छ। आर्थिक स्रोत र सम्पत्तिमा अझै पनि धेरैजसो पुरुष सदस्यहरूको नियन्त्रण रहने भएकाले महिलाहरू परनिर्भरताको दुष्चक्रमा फस्न बाध्य छन्।

यस्तो गहिरो पितृसत्तात्मक सोचकै कारण विशेषगरी ग्रामीण र कृषि क्षेत्रमा बालविवाह, हिंडडुलमा प्रतिबन्ध र औपचारिक शिक्षा तथा रोजगारीका अवसरहरूबाट वञ्चित हुनुपर्ने अवस्था कायमै छ। यी कानूनी व्यवस्थाहरू र व्यावहारिक कार्यान्वयन बीचको खाडललाई प्रभावकारी रूपमा कम गर्न ठोस उपायहरू अपनाउन बजेट असफल देखिन्छ। अहिले गर्नुपर्ने काम— पहिलो कदमका रूपमा लैङ्गिक हिंसा र छाउपडी विरुद्धको फौजदारी संहिता लगायत महिला अधिकारको रक्षा गर्ने विद्यमान कानूनहरूको कार्यान्वयनलाई सुदृढ गरिनुपर्छ। जसका लागि स्थानीय अनुगमन निकायहरू गठन गरी कानूनी उल्लंघन गर्नेहरूलाई सजायको दायरामा ल्याउनुपर्छ।

दोस्रो, आमाले आफ्ना सन्तानलाई बुबाको सहमति विना नै नागरिकता प्रदान गर्न सक्ने गरी पूर्ण र स्वतन्त्र नागरिकताको अधिकार सुनिश्चित गर्न संविधान संशोधन गरिनु आवश्यक छ। तेस्रो, महिलाको आर्थिक सशक्तीकरणका लागि जग्गाको अधिकार वृद्धि गर्ने तथा कर्जा एवं कृषि स्रोतहरूमा स्वतन्त्र पहुँच सहज बनाउने लक्षित कार्यक्रमहरू लागू गरिनुपर्छ। साथै, सामाजिक सुरक्षा भत्ता र सुविधाहरू पुरुष आफन्तको सट्टा सिधै महिला लाभार्थीको हातमा पुग्ने व्यवस्था गरिनुपर्छ। यसबाहेक, पितृसत्तात्मक प्रथाहरूबाट उत्पन्न खतराहरू विरुद्ध व्यापक जनचेतना जगाउँदै तल्लो स्तरदेखि नै यस्ता मान्यताहरूलाई चिर्नका लागि विद्यालयको पाठ्यक्रममा लैङ्गिक समानता सम्बन्धी शिक्षा समावेश गर्नु आवश्यक छ।

अन्त्यमा, नेपालले स्थानीय सरकारमा लैङ्गिक कोटा लागू गरेको भए तापनि सुशासनमा समावेशितालाई अझ सुदृढ बनाउँदै बहुआयामिक विभेद भोगिरहेका दलित र विस्थापित महिला जस्ता अत्यधिक सीमान्तकृत समूहलाई विशेष सहयोग पुग्ने गरी नीतिहरू अगाडि बढाउनुपर्दछ। संविधानले निर्दिष्ट गरेको अधिकारलाई पालना गरिए तापनि बजेटको सन्दर्भमा महिलालाई कमजोर बनाउने परम्परा जीवितै रहेकाले गणतन्त्र स्थापनापछिका हरेक बजेटहरू निष्प्रभावकारी बनिरहेका छन्। सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा लगायत सबै क्षेत्रमा समान हक दिइएको छ। तर, बजेट मार्फत त्यो अधिकारलाई व्यवहारमा उतार्न नसकेकै कारण महिलाहरूको अवस्था अझै न्यून नै छ।

त्यसैले महिलाको हकमा गरिएको लगानीलाई प्रतिफलयुक्त बनाइनु नै आजको आवश्यकता हो। बजेट भाषणमा गरिएको अनुदानलाई समृद्धि, स्थायित्व र दिगोपनमा रूपान्तरण गर्न सकियो भने मात्र बजेटको सान्दर्भिकता देखिनेछ। (प्रतिनिधिसभाकी पूर्व सदस्य डा. सङ्ग्रौला नेपाली काङ्ग्रेसकी सहमहामन्त्री हुन्।) अनलाइनखबरबाट

*व्यवसाय अनुगमनको ...*

कानुन र निर्धारित मापदण्डअनुसार नै गरिएको दाबी गरे। उनले आफूहरुले नियमित रूपमा गरिने अनुगमन कै क्रममा आज गोलबजार आएको बताए। प्रत्येक वर्ष असार मसान्ततिर मात्रै किन अनुगमन तीव्र हुन्छ? भन्ने प्रश्नमा उनले, 'यो नियमित अनुगमन कै क्रम हो, कुनै आस्मीक होइन।' अनुगमनमा नापतौल तथा खाद्य प्रविधि, स्थानीय निकायलाई समेत समावेश गर्नुपर्ने विषयमा उनले यो अनुगमनलाई प्रारम्भिक चरणको भएकाले बताए। आगामी दिनमा सम्बन्धित निकायहरूलाईसमेत समावेश गरेर अनुगमन गर्ने उनले बताए। प्रमुख यादवको आफ्नै भनाईले पनि अनुगमनको नाम्मा साना ब्यापारीलाई तर्साएर ठुला व्यापरिहरुसंग मोटो रकम बुझेर चोख्याउने काम गर्ने उदेश्य देखिन्छ।

साना व्यवसायीलाई जरिवाना गर्ने तर ठूला व्यापारीसँग मिलेमतो गरी उन्मुक्ति दिने आरोपबारे प्रतिक्रिया दिँदै प्रमुख यादवले भने, 'कुनै व्यसायीसँग अनियमित ढङ्गले असुलिगरेको सत्य तथ्य प्रमाणसहित आए म आवश्यक कारबाही भोग्न तयार छु।'

कार्यालय समय सुरु हुनुअघि नै अनुगमनमा निस्किएको विषयमा उनले कर्मचारी अभाव र कार्यालय समयमा सेवाग्राहीको चाप रहने भएकाले बिहानै अनुगमन गर्नुपरेको बताए। यता उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहले अधिकांश व्यवसायीले मापदण्डअनुसार नै पसल सञ्चालन गरिरहेको दाबी गरे। अनुगमन टोली आउँदा पसल बन्द गरिएको भन्ने आरोप अस्वीकार गर्दै उनले वर्षाका कारण केही व्यवसायीले पसल ढिलो खोलेको बताए। तर प्रत्यक्षदर्शीहरूका अनुसार अनुगमन टोलीले ३-४ घण्टा बजार क्षेत्रमा रहँदा धेरै व्यवसायीले पसल नखोली पसल अगाडि वा आसपास बसेर गतिविधि नियालिरहेका देखिएका थिए।

अनुगमनका क्रममा दुई वटा सुन पसल, किराना, जुत्ता-चप्पल लगायत गरी जम्मा सात वटा पसलमा मात्र अनुगमन गरिएको थियो। सीमित पसलमा मात्रै अनुगमन गरेर टोली फर्किएपछि अनुगमनको प्रभावकारिता र निष्पक्षतामाथि स्थानीय स्तरमा प्रश्न उठ्न थालेको छ।

*न्यायिक समिति ...*

समिति सुन्दर परिकल्पना हो,' उनले भने, 'तर, त्यसभित्र आफ्नो र अर्को हेर्ने प्रवृत्ति झाँगिएको छ, जसले गर्दा नागरिक ढक्क हुने अवस्था सिर्जना हुन सकेन।'

सिरहा जिल्ला अदालतका मुख्य न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले प्रहरी र अदालतसम्म अझै आउने अधिकांश विवाद न्यायिक समितिकै तहमा समाधान हुन सक्ने प्रकृतिका हुने गरेको अनुभव सुनाए। न्यायिक समितिले कानुनी मापदण्ड र व्यावसायिक दक्षताका साथ काम गर्न सके अदालत र प्रहरी दुवैमा पर्ने अनावश्यक चाप उल्लेखनीय रूपमा घट्न सक्ने उनको भनाइ थियो।

सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले पनि स्थानीय तहको न्यायिक समितिमै समाधान हुने कुरामा प्रहरी नै अल्झिनुपरेको गुनासो गरे। यसका कारण प्रहरीले गर्नुपर्ने शान्ति सुरक्षा, अपराध अनुसन्धान, गस्ती निगरानीजस्ता मुख्य काम-कारबाही प्रभावित बन्ने गरेको उनको भनाइ छ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले संविधानले स्थानीय तहलाई दिएको न्याय सम्पादनको अधिकारलाई व्यवहारमा प्रभावकारी बनाउन नसकिए राज्यको न्याय प्रणालीमाथिको चाप कम नहुने बताए। न्यायिक समितिले निष्पक्ष, कानुनी प्रक्रिया र विश्वासको वातावरण निर्माण गर्न सके प्रहरी र अदालतमा पुग्ने धेरै विवाद स्थानीयस्तरमै टुंगिने उनको भनाइ थियो।

स्थानीय तहका प्रतिनिधिहरूले भने संविधानले स्थानीय सरकारलाई धेरै जिम्मेवारी दिए पनि सोहीअनुसार दक्ष र पर्याप्त जनशक्ति तथा स्रोतसाधन उपलब्ध नगराइएको गुनासो गरेका छन्। 'स्थानीय तहलाई नागरिकको सबैभन्दा नजिकको सरकार भनिएको छ, तर जिम्मेवारीअनुसार जनशक्ति र स्रोतसाधन दिइएको छैन,' कर्जन्हा नगरपालिकाकी उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठ यादवले भनिन्, 'त्यसैले न्यायिक समितिसहित धेरै संरचनाले अपेक्षित नतिजा दिन सकेका छैनन्।'

कार्यक्रमका अधिकांश वक्ताले न्यायिक समितिप्रति नागरिकको विश्वास बढाउन निष्पक्ष, दक्ष जनशक्ति, कानुनी क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरण अपरिहार्य रहेको निष्कर्षसमेत सुनाएका थिए। जिल्लाका न्यायिक, प्रशासनिक तथा सुरक्षा निकायका प्रमुखसहित स्थानीय तहका उपप्रमुख, प्रशासकीय अधिकृतलगायत कार्यक्रममा सहभागी थिए।

*शिक्षक-विद्यार्थी ...*

हजुरबुबा-हजुरआमालाई पनि साक्षर बनाउन सक्ने भएकाले वडा नं. १० बाट अभियान सुरु गरिएको लहान नगरपालिका शिक्षा शाखाका प्रमुख अमिरी यादवले बताउनुभयो।

साक्षरता अभियानमा सहभागी वडा नं. १० का ७० वर्षीय छोटेलाल पासवानले आफ्नै नाति-नातिनी विद्यालयको पोसाकमा अक्षर चिनाउन र नाम लेख्न सिकाउन आएको देखेर खुसी व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "१५ वर्षको उमेरदेखि घर निर्माण तथा राजमिस्त्रीको काम गर्दै सिरहा सदरमुकामका धेरै कार्यालय निर्माण गरेँ। तर आफ्नै नाममा हस्ताक्षर गर्न नसक्ने पीडा थियो। अहिले आफ्नै नाति-नातिनीले सिकाउन आएका छन्। निरक्षर भएर मर्नु हुँदैन भन्ने मेरो चाहना अब पूरा हुने भयो।"

अभियानमा खटिएका कक्षा ९ की अन्तरा विसुन्के र कक्षा १० की नीलम पासवानका अनुसार ६०-७० वर्ष उमेर समूहका कतिपय हजुरबुबा-हजुरआमाले "अब यो उमेरमा के सिक्नु" भन्दै सुरुमा अस्वीकार गरे पनि सम्झाइबुझाइ गरेपछि नाम लेख्न सिक्न थालेका छन्। साक्षरता अभियानमा खटिएका शिक्षक शिवकुमार गुप्ता र गौरीशंकर यादवले विद्यालय क्षेत्रभित्र पर्ने धनछवार, असनाहा र गुदीगाउँमा दलित समुदायका अधिकांश वृद्धवृद्धा अझै निरक्षर रहेको बताउनुभयो।

२०७८ सालको जनगणनाअनुसार लहान नगरपालिकाको साक्षरता दर ६९.१५ प्रतिशत रहेको छ। नगरपालिकाको कुल जनसंख्या एक लाख दुई हजार ३१ रहेको छ।

# रौतहट प्रहरीद्वारा ९० लाखभन्दा बढीको फर्सीको बिउ बरामद



रौतहट, २८ जेठ। रौतहट प्रहरीले नेपाल-भारत सीमावर्ती क्षेत्रमा विशेष अपरेसन सञ्चालन गर्दै ९० लाख रुपैयाँ भन्दा बढीको अवैध फर्सीको बिउ बरामद गरेको छ। बरामद सामग्री भारततर्फ अवैध रूपमा निकासी गर्न तयारी अवस्थामा राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार विशेष सूचनाको आधारमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बुधबार साँझ साढे ७ बजे बौधीमाई नगरपालिका-७ बाडका बंकुल टोल क्षेत्रमा छापा मारेको थियो। सीमावर्ती बाटो नजिक त्रिपालले ढाकेर लुकाइछिपाइ राखिएको अवस्थामा उक्त ठुलो परिमाणमा फर्सीको बिउ फेला परेको हो।

प्रहरीले ३२२ बोरा फर्सीको बिउ (जम्मा १२ हजार ८८० किलोग्राम) बरामद गरेको जनाएको छ। बरामद बिउको अनुमानित बजार मूल्य ९० लाख १६ हजार रुपैयाँ रहेको छ। बरामद सामग्री आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी गौतमले जानकारी दिएका छन्। उक्त फर्सीको बीउ नियन्त्रणमा लिने क्रममा केही स्थानीय व्यक्तिहरूले अवरोध गर्दै ढुंगामुढा गरेका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले ६ राउण्ड अश्रुग्याँस प्रहार गरेको जनाएको छ।

घटनाका क्रममा ढुंगामुढाबाट तीन जना स्थानीय र तीन जना प्रहरी कर्मचारी गरी कुल ६ जना सामान्य घाइते भएका छन्। घाइतेहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजालका अनुसार सीमावर्ती क्षेत्रमा हुने अवैध ओसारपसार नियन्त्रणका लागि निगरानी र कारबाहीलाई थप कडाइ गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। एक महिना अघि पनि तस्करहरूले नेपालबाट भारत तर्फ लागिरहेको करीब ७० लाख मूल्य बराबरको फर्सीको बीउ भारतीय सीमा सुरक्षा बल एसएसबीले भारत घोडासहन थानाक्षेत्र अन्तर्गत बरामद गरी कारबाहीको दायरामा ल्याएको थियो। तस्करहरूले रौतहट र बाराको विभिन्न चोर नाकाहुदै चाईनिज फर्सीको बीउ भारतको विभिन्न प्रान्तमा तस्करीको माध्यमले पुर्‍याउने गर्दछन्। पछिल्लो समय भारतमा फर्सीको बीउ डाईटको रूपमा लिने गरेको बताइएको छ।

# नियमन कमजोर हुँदा हानिकारक आँपको बिक्री बढ्दो

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २८ जेठ। प्राकृतिक रूपमा पाक्ने सिजनभन्दा अगाडिदेखि नै बजारमा अप्राकृतिक रूपमा पाकेका आँप छ्यापछ्याप्ती बिक्री भइरहेका छन्। प्रतिबन्धित वा स्वीकृत रसायन प्रयोग गरेर काँचो आँपलाई अस्वाभाविक तरिकाले पकाएर खुलेआम बिक्री भइरहेको हो। तर, आँपमा कस्तो रसायन प्रयोग भइरहेको छ भन्नेबारे उपभोक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन र जिल्ला अनुगमन टोली अनभिज्ञ छन्। यस्तो आँप खाँदा स्वास्थ्यका लागि हानिकारक हुन सक्ने भए तापनि नियमनकारी निकाय निष्क्रिय देखिन्छ।

आँपको राजधानी मानिने सप्तरी जिल्लामा यतिबेला मानवीय स्वास्थ्यका लागि हानिकारक क्याल्सियम कार्बाइड हालेको आँप खुलेआम बिक्री भइरहेको छ। जनस्वास्थ्यमा असर गर्ने यस्ता आँपको बिक्रीमा रोक लगाउन नियमनकारी निकायबाट कुनै पहल भएको छैन। कार्बाइड रसायन हालेको आँप खाँदा जनस्वास्थ्यमा गम्भिर असर गर्ने गरेको छ।

असारको दोस्रो सातादेखि स्वाभाविक रूपमा पाक्ने आँपलाई जेठको पहिलो, दोस्रो हप्तादेखि नै क्याल्सियम कार्बाइड प्रयोग गरेर बिक्री गरिरहेको एक आँप व्यापारीले बताउनुभयो। "अन्य रसायनभन्दा क्याल्सियम कार्बाइडले छिटो पकाउने हुँदा यही प्रयोग गर्छौं," उहाँले भन्नुभयो। यसरी पकाएको आँप खाँदा मुटु, कलेजो र मस्तिष्कमा समेत असर गर्न सक्ने चिकित्सक दिलीप साहले बताउनुभयो। क्याल्सियम कार्बाइड हालेर पकाएको आँप खाँदा टाउको दुख्ने, चक्कर आउने, वाकवाकी लाग्ने जस्ता स्वास्थ्य समस्या निम्तिन सक्ने उहाँले जानकारी दिनुभयो।

"कार्बाइडमा रहेको कार्बनडाइअक्साइड र हाइड्रोजनले अक्सिजनको मात्रा सोसेर २४ घण्टामै आँपलाई पकाइदिने भएकाले यसले पेटसम्बन्धी रोग लाग्छ," उहाँले भन्नुभयो, "पेटकै रोगले अन्य रोग उत्पादन गर्छ।" पौष्टिक आहारका रूपमा रहेको आँपमा भिटामिन, क्याल्सियम लगायतका तत्व पाइने भए पनि यस्तो रसायन हालेपछि आँप स्वास्थ्यका लागि हानिकारक हुने गरेको छ।

सिजनभन्दा अगावै काँचो आँप जसरी पनि पकाएर महँगोमा बेच्ने प्रवृत्ति रहेको उपभोक्ता डोमन साहले भन्नुभयो। किसानभन्दा व्यापारीहरूले बढी मुनाफा कमाउन काँचो आँपलाई रसायन हालेर पकाएर बेच्ने गरेको पाइन्छ। काँचो आँपमा रसायन प्रयोग गरी पकाएर सप्तरीको राजविराज, कठौना, महुली, हनुमाननगर, कञ्चनपुर, बोदेबरसाइन, कल्याणपुर, कुशहा लगायतका बजारमा बिक्री भइरहेको छ।

यस जिल्लामा कुल आँपको बोटमध्ये ७५ प्रतिशत बोट पूर्व-पश्चिम राजमार्गको उत्तरी भेगमा रहेका छन्। सप्तरीमा मुख्यतः मालदह, बम्बई, आम्रपाली, मल्लिका, केलुवा, कृष्णभोग, कल्कत्तिया, सरही लगायत जातका आँप उत्पादन हुने गरेका छन्।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशन मेहताका अनुसार जिल्लामा आँपका बोटमध्ये करिब ७५ प्रतिशत मालदह, १० प्रतिशत बम्बई, कल्कत्तिया, दसहरी, मल्लिकासहित अन्य १५ प्रतिशत जातका रहेका छन्। जिल्लाको उत्तरी भावर क्षेत्र अन्तर्गत धरमपुर, रूपनगर, घोघनपुर, जगतपुर, कञ्चनपुर, तेरहौता, प्रसबनी, बकधुवा, कुशहा, कल्याणपुर, कडरबोना र कठौना लगायतका क्षेत्रमा आँप खेती भइरहेको उहाँले बताउनुभयो।

सप्तरीमा उत्पादित आँप काठमाडौं, विराटनगर, हेटौंडा, वीरगन्ज, पोखरा लगायत देशका विभिन्न सहरमा आपूर्ति हुने गरेको छ। राजधानीमा खपत हुने आँपमध्ये ४० देखि ५० प्रतिशतसम्म सप्तरीबाटै जाने गरेको छ।

**नियमनकारी निकाय अनभिज्ञ**

यता खाद्य वस्तुहरूको उत्पादनस्तर देखि बिक्री वितरण लगायत आयात-निर्यातसम्म स्वच्छता कायम गर्ने, विश्वसनीय र भरपर्दो प्रयोगशाला सेवा दिने लगायतका उद्देश्यसहित राजविराजमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पनि छ। तर, कार्यालयअगाडि नै रसायनयुक्त आँप बिक्री भइरहेको स्थानीय जयनारायण मण्डलले बताउनुभयो। यस विषयमा डिभिजन कार्यालय र जिल्ला बजार अनुगमन समिति भने अनभिज्ञ छन्।

सो सम्बन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख विमल भट्टराईले अहिले बजारमा पाइरहेको पाकेको आँपको निरीक्षण, अनुगमन तथा प्रयोगशाला परीक्षण नगरिएको जानकारी दिनुभयो। उहाँले विगतमा फलफूल मन्डीबाट ल्याएको आँपसहित फलफूलको प्रयोगशाला जाँच गर्दा कार्बाइड रसायन प्रयोग नगरिएको तर अन्य पोचवाला इथलिन रसायन प्रयोग गरेको, जुन स्वास्थ्यका लागि हानिकारक नरहेको पाइएको बताउनुभयो। इथिलिन रसायनबाट पकाएको आँप सुरक्षित र स्वीकृत रहेको उहाँको दाबी छ।

जिल्ला बजार अनुगमन समितिका संयोजक एवं सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले बजारमा विनासिजन पाइरहेको पाकेको आँपका बारेमा धेरै जनगुनासो आएकाले भोलि नै अनुगमन गरिने तालिका मिलाइएको बताउनुभयो। यस वर्ष आँपबाहेक अन्य खाद्यान्न पसलहरूको अनुगमन गरिएको उहाँले जानकारी दिनुभयो।

# आत्मनिर्भर बन्दै रौतहटका महिलाहरू



रमेश तिमलसिना

रौतहट, २८ जेठ। चन्द्रपुर नगरपालिका–७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ। करिब पाँच कट्ठा आफ्नै जमिनमा व्यावसायिक रूपमा लगाइएको तरकारी बालीले थरुनीलाई व्यस्त बनाएको छ भने आर्थिक रूपमा पनि सबल बनाएको देखिन्छ। लौका, करेला, घिरौलालगायतका तरकारी अहिले उहाँको बारीमा लटरम्म छन्। दैनिक रु एक हजार ५०० देखि दुई हजारसम्मको तरकारी बिक्री गर्ने गरेको तरकारी कृषक थरुनी बताउनुहुन्छ। उहाँले आफ्ना ग्राहकलाई बारीबाटै तथा बाँकी रहेको तरकारी स्थानीय हाटबजारमा लगेर बिक्री गर्नुहुन्छ। दैनिक आम्दानी हुन थालेपछि थरुनीको आर्थिक अवस्थामा उल्लेखनीय सुधार आएको छ। आर्थिक सम्पन्नतासँगै महिला हिंसा तथा आफ्ना हकअधिकारबारे समेत सचेत र सक्षम भएको उहाँको भनाइ छ।

वडा नं. ७ कै दिलकुमारी काफ्लेले पनि व्यावसायिक रूपमा बाख्रापालन गरेर मनग्य आम्दानी गर्न थाल्नुभएको छ। बाख्रापालनबाट आफू आर्थिक रूपमा सबल बनेको उहाँ बताउनुहुन्छ। सोही गाउँकी सुनिता माझीले पनि किराना पसल सञ्चालन गरेर आफूलाई व्यस्त मात्र राख्नुभएको छैन, त्यसबाट हुने आम्दानीले पारिवारिक खर्च सहज रूपमा धान्नुभएको छ। यस्तै, राजपुर नगरपालिका–९ बैरियाकी मिनादेवीले पनि व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ। तरकारी खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउनेदेखि घरखर्च चलाउन सहज भएको उहाँ बताउनुहुन्छ। सोही ठाउँकी गुलसन खातुनले घरमै टेलरिङ व्यवसाय सञ्चालन गरेर स्वरोजगार बन्नुभएको छ। घरखर्च चलाउन र व्यक्तिगत खर्चका लागि कसैसँग पैसा माग्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ।

त्यस्तै, राजपुर–५ स्कुलटोलकी जरिमा खातुनले टेलरिङ व्यवसाय सञ्चालन गरेर तीन छोरा र तीन छोरीलाई पढाउन सफल भएको बताउनुभयो। आर्थिक रूपमा सबल हुनुका साथै समाजमा हुने लैङ्गिक हिंसा न्यूनीकरण अभियानमा पनि उहाँ सक्रिय हुनुहुन्छ।

यी केही उदाहरणबाहेक पनि यहाँका अधिकांश महिला कुनै न कुनै व्यवसायमार्फत आफू र परिवारको आर्थिक स्तर सुधार्न सक्षम बनेका छन्। यस्ता महिलाहरू जिल्लामा एक हजारभन्दा बढी रहेका छन्। ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित लैङ्गिक हिंसा न्यूनीकरण परियोजनाअन्तर्गत आबद्ध करिब एक हजार महिला अहिले स्वरोजगारका साथै आर्थिक रूपमा सबल बन्दै गएका छन्। केन्द्रले इस्लामिक रिलिफ क्यानाडाको आर्थिक सहयोग तथा इस्लामिक रिलिफ नेपालको व्यवस्थापकीय सहयोगमा केही वर्षदेखि लैङ्गिक हिंसालाई सम्बोधन गर्न महिला, पुरुष तथा बालबालिकाको सामाजिक–आर्थिक सशक्तीकरण परियोजना सञ्चालन गर्दै आएको छ।

राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा विद्यमान लैङ्गिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको तथा स्वास्थ्य सुधार सुनिश्चित गरी लैङ्गिक हिंसा न्यूनीकरण गर्ने लक्ष्य रहेको परियोजनाका प्रमुख धर्मेन्द्र साहले बताउनुभयो। उहाँका अनुसार राजपुर नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ९ तथा चन्द्रपुर नगरपालिकाका वडा नं. १, २, ५, ७ र ८ मा आर्थिक सशक्तीकरणमार्फत लैङ्गिक हिंसाबाट प्रभावित वा उच्च जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने तथा लैङ्गिक हिंसासम्बन्धी जोखिम कम गर्दै जाने परियोजनाको मुख्य उद्देश्य रहेको छ।

चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा आबद्ध ४३० जना तथा राजपुर नगरपालिकामा २३ वटा समूहमा आबद्ध ५८० जनाभन्दा बढी महिलालाई प्रतिव्यक्ति रु ६५ हजारका दरले व्यवसाय सञ्चालनका लागि नगद सहयोग गरिएको उहाँले जानकारी दिनुभयो। महिलाहरूको रुचिअनुसारका कार्यक्रमलाई सहयोग गर्दै आएको पनि उहाँले बताउनुभयो। सोही परियोजनाअन्तर्गत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरी लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको छ। किशोरीहरूलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाका परियोजना सञ्चालित पाँचवटै वडामा १० सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका छन् भने राजपुर नगरपालिकाका सात वडामा १४ वटा केन्द्र सञ्चालनमा रहेका छन्। परियोजनाका अनुसार हालसम्म दुई हजार ४०० बालबालिकाले ती केन्द्रमार्फत रूपान्तरण कोर्स पूरा गरिसकेका छन्। विद्यालय वा मदरसाबाट बाहिर रहेका किशोरीहरूलाई रूपान्तरण विधिमार्फत जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने तथा नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको साहले बताउनुभयो।

महिलाहरूलाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता तथा समय–समयमा प्रशिक्षण दिने र घरका पुरुष सदस्यलाई समूहमा आबद्ध गरी लैङ्गिक हिंसा तथा महिला अधिकारबारे प्रशिक्षण दिइँदै आएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताउनुभयो। उहाँका अनुसार समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विषयमा क्षमता अभिवृद्धि गर्ने खालका प्रशिक्षण सञ्चालन भइरहेको छ।

# सञ्चालन नहुँदा राजविराज बसपार्क खेलमैदानमा परिणत

**सुधा देव**

सप्तरी, २८ जेठ। जिल्लाको राजविराजस्थित बसपार्क उद्घाटन भएको एक वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन नसकेपछि खेलकुद मैदानमा परिणत भएको छ। लामो समयदेखि बसपार्क सञ्चालनमा नआएपछि बालबालिका तथा युवाका लागि खेल मैदान र सर्वसाधारणका लागि घुमफिर गर्ने स्थल बनेको स्थानीयवासीले बताएका छन्। स्थानीय ममता यादवले भन्नुभयो, "बसपार्कमा बससहित सवारी साधनको आवतजावत कहिले सुरु हुन्छ भन्ने पर्खाइमा छौँ। उद्घाटन भएको एक वर्ष बितिसक्दा पनि बसपार्क सञ्चालनमा आएको छैन। कहिले सवारी साधनहरू यहाँबाट ओहोरदोहोर गर्छन् भन्ने विषयमा हामी अझै अन्योलमा छौँ।"

उहाँका अनुसार बसपार्क उद्घाटन भएदेखि नै बिहान–बेलुका खेलकुद गर्ने र घुमफिर गर्ने सर्वसाधारणको घुँइचो लाग्ने गरेको छ। स्थानीयवासीहरू दिनहुँ यहाँ आएर खेल्ने र घुम्ने गरेका छन्। बसपार्क सञ्चालन नहुँदा राजविराजका मुख्य सडकमा बस तथा अन्य सवारी साधन पार्किङ हुने क्रम जारी रहेकाले सर्वसाधारणले सास्ती बेहोर्नुपरेको छ। त्यसैले बसपार्क तत्काल सञ्चालनमा ल्याउन सबै पक्षसँग माग गरिएको स्थानीयवासीको भनाइ छ।

चार दशकदेखि बसपार्कविहीन रहेको राजविराज नगरपालिकामा १५ करोड ६० लाख रुपियाँको लागतमा निर्माण गरिएको सुविधा सम्पन्न बसपार्क २०८२ साल जेठ १५ गते उद्घाटन गरिएको थियो। तर सञ्चालनका लागि तीन पटक बोलपत्र (टेन्डर) आह्वान गर्दा पनि कसैले आवेदन नदिएपछि ठेक्का प्रक्रिया अघि बढ्न नसकेको राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले बताउनुभयो। उहाँले भन्नुभयो, "कार्यविधिमा संशोधन गरेर पुनः टेन्डर आह्वान गरेका छौँ। अब बसपार्क सञ्चालनमा आउनेमा हामी विश्वस्त छौँ।"

# छिरेश्वरनाथको घरघरमा पुगेर स्वास्थ्य सेवा

**विजयकुमार साह**

ढल्केबर, २८ जेठ। धनुषाको छिरेश्वरनाथ नगरपालिकाले नागरिकको घर–घरमा पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउने अभियान सञ्चालन गरेको छ। नगरपालिकाले आफ्ना नगरवासीको स्वास्थ्यलाई प्राथमिकता दिँदा यो अभियान सञ्चालन गरेको हो। नगर प्रमुख सुखदेव यादवले अस्पताल तथा स्वास्थ्य संस्थासम्म पुग्न कठिनाइ हुने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी एवं अशक्त नागरिकलाई लक्षित गरी अभियान सञ्चालन गरिएको बताउनुभयो। अभियानमार्फत स्वास्थ्यकर्मीले घरदलोमै पुगेर रक्तचाप, मधुमेह, श्वासप्रश्वाससम्बन्धी समस्या लगायत विभिन्न रोगको परीक्षण गरी आवश्यक परामर्श र औषधी समेत वितरण गरिरहेको उहाँले जानकारी दिनुभयो।

नगर प्रमुख यादवले नागरिकको स्वास्थ्य नै समृद्ध नगर निर्माणको आधार भएकाले 'स्वस्थ नागरिक, समृद्ध नगर' भन्ने नारालाई व्यवहारमा उतार्न यो अभियान सञ्चालन गरिएको बताउनुभयो। उहाँले स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुऱ्याउन नगरपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जानकारी दिनुभयो। उहाँले यो सँगै गर्भवती महिलाको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै नगरभरिका गर्भवती महिलालाई झुल वितरण गरिएको जानकारी दिनुभयो। लामखुट्टेको टोकाइबाट हुने रोगबाट बच्न र सुरक्षित मातृत्व प्रवर्धन गर्न झुल वितरण गरिएको उहाँको भनाइ छ।

नगर प्रमुख यादवका अनुसार झुल वितरण कार्यक्रमले विशेषगरी गर्मी तथा वर्षा याममा फैलिने डेङ्गु, मलेरिया लगायतका सरुवा रोगको जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने छ। गर्भवती महिला र गर्भमा रहेका शिशुको स्वास्थ्य सुरक्षामा समेत सकारात्मक प्रभाव पर्ने उहाँले बताउनुभयो।

# चार दिनपछि खुल्यो 'हिट एन्ड रन' को रहस्य : टिपर चालक पक्राउ

रौतहट, २८ जेठ। रौतहटको गढीमाई नगरपालिका–४ गरुडा समनपुर सडकखण्ड अन्तर्गत सुन्दरपुर चोकमा साइकल यात्रीको ज्यान जाने गरी भएको सवारी दुर्घटनाको रहस्य चार दिनपछि खुलेको छ। दुर्घटनापछि फरार रहेका टिपर चालकलाई प्रहरीले पक्राउ गरेसँगै घटनाको वास्तविकता बाहिर आएको हो। गत जेठ २४ गते राति करिब १ बजे गढीमाई नगरपालिका–९ मलाही निवासी ३५ वर्षीय प्रमोद सहनीलाई प्रदेश–२–०३–००१ ख २६३३ नम्बरको टिपरले ठक्कर दिएको खुलेको हो। दुर्घटनामा सहनीको घटनास्थलमै मृत्यु भएको थियो भने लगत्तै चालक सवारीसहित फरार भएका थिए।

घटनापछि आक्रोशित स्थानीयवासी र मृतकका आफन्तले दोषी चालक तथा सवारी साधनलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गर्दै गौर–चन्द्रनिगाहपुर सडकसँग जोडिएको गरुडा बजार क्षेत्रको सहायक राजमार्ग अवरुद्ध गरी आन्दोलन गरेका थिए। प्रहरीले एक साताभित्र दोषी चालक र सवारी साधनलाई नियन्त्रणमा लिने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित भएको थियो।

यससँगै दुर्घटनाको अनुसन्धानलाई तीव्र बनाएको इलाका प्रहरी कार्यालय गरुडाले १९ वटा टिपर र १७ भन्दा बढी चालकलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो। अनुसन्धानकै क्रममा बृन्दावन नगरपालिका–२ निवासी टिपर चालक २४ वर्षीय अब्दुल एजाज पक्राउ परेका हुन्। इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी शंकर प्रसाद आचार्यले एजाजले प्रमोद सहनीलाई आफूले चलाएको टिपरले ठक्कर दिएको स्वीकार गरेका छन्।

प्रहरीका अनुसार एजाजले बृन्दावन नगरपालिकास्थित शिवम् क्रसर उद्योगबाट ढुङ्गा बोकेर गरुडातर्फ जाँदै गर्दा साइकलमा घर फर्किरहेका सहनीलाई ठक्कर दिएका थिए। पक्राउ परेका चालकविरुद्ध सवारी ज्यान सम्बन्धी कसुरमा थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

# भेटेरिनरी अस्पताल भवन निर्माणमा भ्रष्टाचार

काठमाडौं, २८ जेठ। सप्तरीको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका तत्कालीन कार्यालय प्रमुखसहित ४ जना र एउटा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। नक्कली सूचना निकालेर भवन निर्माण ठेक्कामा मिलेमतो गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज विशेष अदालतमा मुद्दा दायर गरेको हो। केन्द्रका कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. प्रभात झा, इन्जिनियर अशोककुमार सिंह, सहायक सब–इन्जिनियर प्रमोदकुमार सिंह, राधाकृष्ण निर्माण सेवा र त्यसका प्रबन्धक कौशल्याकुमारी रजकविरुद्ध मुद्दा दर्ता भएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)